# पूर्वको सुगम पहाडी जिल्लाको दुर्गम दैनिकी

भोजपुर जिल्ला कोशी प्रदेशको पहाडी जिल्लाको दुर्गम जिल्लामा नपरेता पनी भौतिक पूर्वाधार विकासमा भने निकै पछाडि रहेको छ । उत्तरमा अरुण नदी र दक्षिणमा सुनकोशी जस्ता सप्तकोशीको प्रमुख हिमनदी ले घेरिएको र त्यसमा पूल नहुँदा यहाँको बासिन्दाको जनजीवन दुर्गम जिल्लाको भन्दा केही कम छैन । जिल्लाको सदरमुकाम जोड्ने प्रमुख सडकहरुमा सडक पूल नहुदा प्रत्येक यात्रा जोखिमपूर्ण तथा कष्टकर हुनेगरेको थियो । या त दैनिक उपभोग्य सामान ओसार पसार गर्न होस या त विरामी उपचारको लागि होस, स्थानीय स्तरमा उत्पादित कृषि जन्य उपज बजार सम्म पुऱ्याउन होस या त विद्यार्थी तथा शिक्षक लाई विद्यालय जान लाई होस, सबैकुरामा जेखिम नै जोखिम थियो । भोजपूर सदरमुकाम देखि सम्पूर्ण दक्षिण क्षेत्रलाई समेट्ने आमचोक, हतुवागढी, बैकुण्ठे र मानेभन्ज्याङ्ग सडकमा सदरमुकाम र मानेभन्ज्यायाङ्ग बिचमा पर्ने पिखुवा खोलामा अहिले सरर गाडीहरु चलिरहेको छ तर पूल बन्नु भन्दा अगाडि जगत चौहान जस्तै अरु धेरै मानिस हरुको आ-आफ्नै दुःखका कथाहरु छन् ।

रामप्रसादराई गाँउपालिका वडा नं. ६ का वडाध्यक्ष मानेभन्ज्याङ्ग निवासी जगत चौहान आफ्नो ५५ बर्ष को अनुवभ सुनाउनु हुन्छ । पहिला यस पिखुवा खोलामा पूल नहुँदा बाढी आएको बेला कि त पौडेर पार गर्नु पर्थ्यो कि त१ कि.मि. माथि बनेको झोलुङ्गे पूल बाट तर्नु पर्थ्यो जहाँ ४ घण्टा बढी समय लाग्थ्यो । २०६९ सालको बाढीमा त यस खोला तर्ने क्रममा मलाई पनि बगाएको थियो, म आफै झण्डै पिखुवा खोलामा बाढीको सिकार भएँ । पौडी खेल्न जानेको भएर बल्ल बल्ल बाँच्न सफल भए । कयौं मान्छेलाई बर्षेनी बाढीमा बगाँउथ्यो । यस दक्षिणी क्षेत्रका मानिसहरुको उत्पादित कृषि सामाग्रीहरु ढाकरमा बोक्नु बाहेक अरु कुनै बिकल्प थिएन । प्रशासनिक अड्डा हरुमा कामहरुको लागि समय साँच्ने गरिन्थ्यो र समय मिलाएर मात्र जाने गरिन्थ्यो ।

पक्की पूल नहुँदा आमचोक, हतुवागढी र रामप्रसादराई गाँउपालिका बाट डोकोमा बोकेर अकबरे खोर्सानी, साग सब्जी, सुन्तला, कागती, चामल, मकै, कोदो, भट्मास तथा अन्य उब्जाउ भएका भोजपुर सदरमुकाममा रहेको शनिबार लाग्ने हाटबजारमा लानु पर्थ्यो । बर्षायाममा खोलामा पानीको बहाव बढेर खोला पारी रहेको डढुवा भन्ने ठाँउमा बास बस्नु पर्थ्यो । कहिले काँही त दुई दिन सम्म पनि पानीको बहाब नघटेकोले ल्याएका साग सब्जी सबै खेर जान्थ्यो र यतिकै फर्किनु पर्थ्यो । अन्य आवश्यक तेल मसला लिन गएका र लिएर आएका हरु वारीको वारी र पारी को पारी नै हुन्थ्यो ।



करिब २०६९ सालमा सामुदायिक वन तथा व्यक्तिगत पैसा संकलन गरेर जसोतसो सडकको ट्रयाक खोले पछि साधारण ट्रयाक्टर जीप हरु चलेता पनी बर्षायाममा भने समस्या जस्ताको तेस्तै वारीको वारी पारिको पारी नै । बल गरेर गाडी खोला तार्न खोज्दा ट्रयाक्टर र जिप हरु बगाएका थुप्रै उदाहरण पनी छन् । २०७६ सालमा पक्की पूल निर्माणका लागी पूर्वाधार विकास कार्यालय भोजपुर ले बजेट बिनियोजन गरी निर्माण कार्यको ठेक्का लगाई २०७९ सालमा यस पिखुला खोला पूल निर्माण सम्पन्न भएपछि जिल्लाको दक्षिणी

क्षेत्रका आमचोक गाँउपालिका, हतुवागढी गाँउपालिका र रामप्रसादराई गाँउपालिका का बासिन्दालाई के हिउँद के बर्षा याम बाह्रै महिना कृषि उपज र सरसामानहरु भनेजति मात्रामा वारपार गर्न निकै नै सहज भएको छ। कृषकहरु आफ्नो कृषिजन्य उत्पादन बजारमा छोटो समयमा नै पुऱ्याउन सक्ने हुनाले समय को बचत तथा दाम पनि पाउने भई आर्थिक स्तरमा पनि राम्रै टेवा पुगेको छ। ढूवानी दर तथा सार्वजानीक भाडादर पनि ५० प्रतिशतले घटेको छ। जिल्लाका तथा जिल्ला बाहिरको ब्यापारीहरु समेत घर घरमै खरिद गर्न आउन थालेपछि त झनै सजिलो भएको छ। रामप्रसाद राई गाँउपालिकामा २०७६ सालमा स्थापना भएको श्रीराम मिथिला बहुप्राविधिक शिक्षालयको विद्यार्थी तथा शिक्षक लाई पनि खोला वारपार गर्न निकै सजिलो भएको छ।



अन्यमा वडाध्यक्षज्यू भन्नु हुन्छ प्रदेश सरकारबाट निर्माणाधीन अवस्थामा रहेको मानेभन्ज्यायाङ्ग बैकुण्ठे बासीखोरा बालंखा रानीटार सडक स्तरोन्नती सम्पन्न भएपश्चात मनदभण्डारी लोकमार्ग बाट चुहार हुदै यस पिखुवा खोला पूल हुदै भोजपुर सरदमुकाम जोडने छ। र यो नै भोजपुरलाई तराईसम्म जोड्ने सबैभन्दा छोटो दुरीको बाटो हुने छ। त्यसैले स्थानीय स्तरमा कृषि उब्जनी बढ्ने, बजार ब्यवस्थापन सहज हुने भएकाले र आवत जावत गर्न सजिलो भएकाले याहाँका जनताहरु बसाईसराइको दर समेत घट्ने सम्भावना रहेको छ।

जगत चौहानको त भेटिएको एउटा मात्र कथा हो उहाँ जस्तै यस क्षेत्रमा दःुख भोगेको धेरै मानिसहरु आ-आफ्नै पहिलाका दुखका दिन हरु सम्झदै लामो सास फेर्दै गाडीमा पिखुला खोला पूल तरेर सरर हिड्न थालेका छन्।

*रुपेश कुमार देव*
*प्रादेशिक सडक पूल सहयोग ईकाई*
*कोशी प्रदेश*
*(असोज २०८०)*